# श्री कालिका सामुदायिक वन उपभोक्ता समुह

बाणगंगा न.पा.-१०, धर्मपुर, कपिलवस्तु

## मिति २०८२।०१।२४ गते यसै संग सम्बन्धित प्रकाशित सूचना रद्द गरी पुन : प्रथम पटक प्रकाशित काठ दाउरा शिलबन्दि बोलपत्र लिलाम बिक्री सूचना

प्रथम पटक सूचना प्रकासन मितिः २०८२/०२/०१

यस समूहको स्विकृत विधान र वन कार्ययोजना बमोजिम समूहको सामुदायिक वन क्षेत्रबाट आ.व. २०८१/०८२ मा संकलन गरिएका काठ दाउरा मध्ये वाह्य विक्री वितरणका लागी छुट्याइ श्री डिभिजन वन कार्यालय कपिलवस्तुको च.नं. ३४२६ मिती २०८२/०१/२३ गतेको बिक्री वितरण सहमति प्राप्त समूहको घाटगद्दी स्थल वाणगंगा न.पा. १० धर्मपुरमा घाटगद्दी भएका तपसिल बमोजिमका वन पैदावर जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमाच उठाई लैजानुपर्ने गरी लिलाम विक्री गर्ने पर्ने भएकोले तपसिलका शर्तहरुको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र आव्हानको मेची महाकाली राष्ट्रिय दैनिक पत्रिकामा मिति २०८२/०२/०१ गते प्रथम पटक सूचना प्रकासित भएको मितिले गणना हुने गरी यो २१ दिने गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना प्रकाशन गरिएको छ । काठ खरिद गर्न ईच्छुक मुल्य अभिवृद्धि कर वा स्थायी लेखा नं. दर्ता भई डिभिजन वन कार्यालयमा सूचिकृत वन पैदावरमा आधारित कारोबार गर्न योग्यता पुगेका प्रमाण पत्र प्राप्त व्यक्ति, संस्था, फर्म वा कम्पनीले यो सूचना प्रकाशित भएको मितिले २२ औं दिन भित्र दाखिला गर्न आव्हान गरिन्छ ।

१. लिलाम हुने वन पैदावारको विवरण

| लट नं. | काठको श्रोत | घाटगद्दी | काठको प्रजाति | स्तर (ग्रेड) | थान | परिमाण क्यू.फि. | राजश्व दर | न्यूनतम मुल्य | संकलन खर्च | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १-०८१/०८२ | पुनरुत्पादन कटान | धर्मपुर | साल | A | ५ | ८९.७३ | १२५० | ११२,१६३ | १२४,७६२ | घाङ नं १ र २ |
| | | | साल | B | ३६ | २८६.०१ | ९०० | २५७,४०९ | | |
| | | | साल | C | १४७ | ५७१.४८ | ६०० | ३४२,८८८ | | |
| | | | साल | D | १२ | १९.९३ | ३०० | ५,९७९ | | |
| | | जम्मा | | | २०० | ९६७.१५ | | ७१८,४३९ | १२४,७६२ | |
| २-०८१/०८२ | पुनरुत्पादन कटान | धर्मपुर | साल | A | ९ | १३०.१९ | १२५० | १६२,७३८ | ८४,४९२ | घाङ नं ३ |
| | | | साल | B | २२ | २०२.९७ | ९०० | १८२,६७३ | | |
| | | | साल | C | ६३ | ३०९.४६ | ६०० | १८५,६७६ | | |
| | | | साल | D | ९ | १२.३६ | ३०० | ३,७०८ | | |
| | | जम्मा | | | १०३ | ६५४.९८ | | ५३४,७९५ | ८४,४९२ | |
| ३-०८१/०८२ | पुनरुत्पादन कटान | धर्मपुर | साल | A | १६ | २९२.६३ | १२५० | ३६५,७८८ | १३४,४५८ | घाङ नं ४ र ५ |
| | | | साल | B | ३८ | ३४२.१५ | ९०० | ३०७,९३५ | | |
| | | | साल | C | १०५ | ३७९.५९ | ६०० | २२७,७५४ | | |
| | | | साल | D | २० | २७.९४ | ३०० | ८,३८२ | | |
| | | जम्मा | | | १७९ | १०४२.३१ | | ९०९,८५९ | १३४,४५८ | |
| ४-०८१/०८२ | पुनरुत्पादन कटान | धर्मपुर | कुसुम | N | ५९ | ३६४.८४ | १२५० | ४५६,०५० | ५६,९०२ | घाङ नं ६ र ७ |
| | | | असना | A | ३ | ४७.१२ | ४०० | १८,८४८ | | |
| | | | असना | C | ७ | २१.६६ | १०० | २,१६६ | | |
| | | | खयर | N | ५ | ७.४८ | १००० | ७,४८० | | |
| | | जम्मा | | | ७४ | ४४१.१ | | ४८४,५४४ | ५६,९०२ | |
| | पुनरुत्पादन कटान | धर्मपुर | साल दाउरा | चट्टा | ८ | ८ | १२००० | ९६,००० | १८४,२१० | |
| | | | अन्य जात दाउरा | चट्टा | ५ | ५ | ८००० | ४०,००० | | |
| | | जम्मा | | | १३ | १३ | | १३६,००० | १८४,२१० | |
| | | जम्मा | | | | | | ६२०,५४४ | २४१,११२ | |

अध्यक्ष

२. बोलपत्र खरिद तथा दाखिला गर्न पाइने अन्तिम मिति र समय :-

क. खरिद गर्ने अन्तिम मिति २०८२।०२।२१ गते बुधबार कार्यालय समय भित्र

ख. दाखिला गर्ने अन्तिम मिति २०८२।०२।२२ गते बिहिबार दिनको २:०० बजे भित्र भित्र । ग। खोल्ने मिति २०८२।०१।२२ समय साझ ५ बजे

३.बोलपत्रः डि.व.का. कपिलवस्तु कपिलवस्तु र श्री कालिका सामुदायिक वन उपभोक्ता समुह, बा.न.पा-१० बाट खरिद गरी श्री कालिका सामुदायिक वन उपभोक्ता समुह, बा.न.पा-१० मात्र दाखिला गर्न सकिने छ ।

४.सिलबन्दी बोलपत्रसाथ कबोल रकमको १० प्रतिशतले हुन आउन धरौटी, यस समुहको नाममा कृषि विकास बैंक चार न जितपुर शाखामा रहेको Kalika Sa ban upa samuha चल्ती खाता नं. ०४१५६००५६३७८३०१२ मा जम्मा गरेको सक्कल बैंक भौचर वा यस समूहको नाममा मान्यता प्राप्त बैंकबाट जारी भएको कम्तिमा छ महिना अवधिको बैंक जमानत पत्र संलग्न हुनु पर्नेछ। नगदै धरौटी मान्य हुनेछैन। नगद खामिइ फरक परेमा समूह जवाफदेही हुने छैन ।

५.बोलपत्र बापतको रकम समूहको खातामा जम्मा गरी डि.व.का. कपिलवस्तु वा समुहको कार्यालयमा भौचरको सक्कलै प्रति पेश गरी खरिद गर्न सकिनेछ र बोलपत्र समुहको कार्यालयमा मात्र दाखिला गर्नु पर्ने छ ।

६.लिलाम बिक्री हुने वन पैदावार सम्वन्धित घाटगद्दीमा गै हेर्न सकिने छ।

७. लिलाममा भाग लिन इच्छुक व्यवसायीले वन पैदावारको कारोवार गर्ने उद्धेश्यले दर्ता गरिएको व्यवसाय दर्ताको प्रमाणपत्र, नेपाली नागरिकताको प्रमाणपत्र, र मूल्य अभिवृद्धि कर दर्ता प्रमाणको प्रतिलिपि कर चुक्ताको प्रमाण तथा डि.व.का मासुचिकृत प्रमाणपत्र प्रतिलिपि पेश गरी १०००/- तिरी यस समूहको कार्यालय र डि.व. का कपिलवस्तुबाट खरिद गर्न सकिने छ ।

८. लिलाम स्विकृतीको जानकारी बोलपत्रमा उल्लेखित ठेगानामा पठाइने छ । जानकारी पाएको मितिले सकार गरेको रकम, नियमानुसार लाग्ने संकलन खर्च र कानुन बमोजिम तोकिएको अवधि भित्र रकम बुझाई जे जस्तो छ सोही अवस्थामा वन पैदावार उठाई लैजानु पर्नेछ ।

९. सकार गरिएको रकम अंक र अक्षर दुवैमा लेख्नु पर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइने छ ।

१०. सिलवन्दी भई नआएको, सम्वन्धित कार्यालयवाट विक्री नभएको वा बोलपत्रको फोटोकपी दाखिला गरेको, जसको नाममा विक्री भएको बोलपत्र फाराम हो, उसैको तर्फवाट दाखिला नगरेको, वोलपत्रदाताको हस्ताक्षर नभएको (फर्मको हकमा छाप र हस्ताक्षर नभएको) कबोल अंकको १० प्रतिशत धरौटी आफुले पेश गरेका अन्य बोलपत्रमा समेतको खाम्ने गरी समावेश नभएको र बोलपत्र आव्हानको सूचनामा तोकिएका अन्य सर्तहरु पुरा नभएको, बोलपत्र उपर कारवाही हुने छैन ।

११. वोलपत्र, सिलवन्द गरी पेश गर्नुपर्नेछ र सिलवन्दी खाममा लट नम्वर ,पेश गर्ने फर्मको नाम, ठेगाना र मोवाईल नं (ईमेल ठेगाना भए सो समेत) उल्लेख गरी सम्वन्धित निकायलाई सम्वोधन गरेर श्री कालिका सामुदायिक वन उपभोक्ता समुहको वनपैदावार लिलामको सिलवन्दी वोलपत्र भनी उल्लेख गरेको हुनपर्नेछ ।

१२.वोलपत्र स्विकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार, यस सामुदायिक वन उपभोक्ता समुहमा निहीत रहने छ ।

१३.यसमा उल्लेख भएकामा यसै वमोजिम र यसमा उल्लेख नभए जतिमा प्रचलित एन, नीति नियम ,निर्देशिका अनुसार हुने छ । प्रिन्ट मिस्टेक भै अन्यथा भएको अवस्थामा नियमानुसार हुनेछ ।

१४.उपरोक्त उल्लेखित कुनै दिनमा विदा परेमा सो को भोलिपल्ट कार्यालय खुलेको दिन सोही अनुसार हुने छ ।

१५. यस विषयमा अन्य केही जानकारी आवश्यक परेमा कार्यालय समय भित्र यस समुहको कार्यालयमा सम्पर्क राख्न सकिने छ ।

ईति सम्वत २०८२ साल जेठ ०१ गते रोज ०५ मा शुभम्